"सहजता, शुद्धता र पारदर्शिता नेपाल आयल निगम लिमिटेडको प्रतिवद्धता"

# नेपाल आयल निगम लिमिटेड

केन्द्रीय कार्यालय, टेकू ।

# प्रेस विज्ञप्ति

मितिः २०८२/०३/१६

१. इण्डियन आयल कर्पोरेशनबाट आज ३० जुन, २०२५ (असार १६, २०८२) मा प्राप्त पेट्रोलियम पदार्थको नयाँ खरिद मूल्य अनुसार प्रति लिटर पेट्रोलमा रु. ७।६४, डिजेलमा रु. ९।१३ र हवाई इन्धनमा रु. ६।८८ ले बढेर आएतापनि आम उपभोक्ताको हितलाई मध्यनजर गर्दै निगम सञ्चालक समितिको निर्णय अनुसार १ जुलाई, २०२५ (मिति २०८२/०३/१७) को बिहान ००:०१ बजेदेखि लागु हुनेगरी साविकको खुद्रा बिक्री मूल्यमा पेट्रोलमा प्रति लिटर रु. ५।००, र डिजेल/मट्टितेलमा प्रति लिटर रु. ४।०० ले बढाईएको छ। हवाई इन्धन आन्तरिकतर्फ प्रति लिटर रु. ७।०० ले र हवाई इन्धन अन्तर्राष्ट्रिय तर्फ काठमाडौंको लागि प्रति किलो लिटर अमेरिकी डलर ५१ ले बढाईएको छ। यसैगरी हवाई इन्धन अन्तर्राष्ट्रियतर्फ पोखरा र भैरहवाकालागि Break Even Point मा बिक्री मूल्य कायम गरिएको छ । साथै, एल. पि. ग्यासको खुद्रा बिक्री मूल्य भने यथावत् राखिएको छ।

२. निगमको डिपो/कार्यालयदेखि १५ किलोमिटरसम्मका लागि पेट्रोलियम पदार्थको नयाँ खुद्रा बिक्री मूल्य देहाय बमोजिम कायम गरिएको छ।

| क्र. सं. | पेट्रोलियम पदार्थ | साबिकको खुद्रा बिक्री मूल्य रु. (प्रति लिटर) | | | मिति २०८२/०३/१७ को बिहान ००:०१ बजेदेखि कायम हुने नयाँ खुद्रा बिक्री मूल्य मू. अ. कर सहित रु. (प्रति लिटर) | | |
|---|---|---|---|---|---|---|---|
| | | पहिलो वर्ग | दोस्रो वर्ग | तेस्रो वर्ग | पहिलो वर्ग | दोस्रो वर्ग | तेस्रो वर्ग |
| १. | पेट्रोल | १५७।५० | १५९।०० | १६०।०० | १६२।५० | १६४।०० | १६५।०० |
| २. | डिजेल/मट्टितेल | १४२।५० | १४४।०० | १४५।०० | १४६।५० | १४८।०० | १४९।०० |
| ३. | हवाई इन्धन (आन्तरिकतर्फ) | ११८।०० | | | १२५।०० | | |
| ४. | हवाई इन्धन (अन्तर्राष्ट्रियतर्फ प्रति किलो लिटर) | काठमाडौं | पोखरा | भैरहवा | काठमाडौं | पोखरा | भैरहवा |
| | | $ ९०१ | $ ७२१ | $ ७०६ | $ ९५२ | $ ७८२ | $ ७६६ |

नोटः पहिलो वर्ग अन्तर्गतः चारआली, विराटनगर, जनकपुर, अमलेखगञ्ज, भलवारी, नेपालगञ्ज, धनगढी र वीरगञ्ज ।
दोस्रो वर्ग अन्तर्गतः सुर्खेत र दाङ्ग ।
तेस्रो वर्ग अन्तर्गतः काठमाडौं, पोखरा र दिपायल ।

धन्यवाद् ।

प्रवक्ता